नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

सानोठिमी, भक्तपुर

प.स.: यो.अ. २०७६/७७

मिति : २०७७।७।१९

च.नं. :

विषय : क्षतिको विवरण पठाउने बारे ।

श्री शिक्षा विकास तथा समन्वय इकाइ

(सबै)

प्रस्तुत विषयमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (योजना तथा बजेट शाखा) को च. नं. ६४ मिति २०७७।०७।०२ को पत्रबाट राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारिणी समितिको आठौं बैठकमा 'यस बर्षको मनसुन अवधिमा बाढी, पहिरो र चट्याङ्गका कारण सिर्जित विपदबाट भएको मानवीय क्षति र क्षेत्रगत (Sectoral) क्षतिको तथ्यांक र भए गरेका प्रयासहरुको विस्तृत विवरण १५ दिन भित्र उपलब्ध गराउन सम्बन्धित मन्त्रालय/निकाय/कार्यालयलाई निर्देशन दिने' निर्णय भएकाले सो अनुसारको विवरण उपलब्ध गराउन लेखी आएको हुँदा, यस बर्षको मनसुन अवधिमा विद्यालय शिक्षामा भएको मानवीय क्षति र क्षेत्रगत क्षतिको तथ्यांक एवम् क्षतिको न्यूनीकरण तथा प्रतिकार्यका लागि गरिएका कार्यहरुको विवरण स्थानीय तह तथा त्यस जिल्लामा कार्यरत नेपाल शिक्षा समुहका सदस्य (गैरसरकारी संस्थाहरु) सँगको समन्वयमा संकलन गरी मिति २०७७ कार्तिक २५ गते भित्र यस केन्द्र (education.interaction@gmail.com) मा आइपुग्ने गरी पठाइदिनु हुन निर्देशानुसार अनुरोध छ ।

०७७।०७।१९

रामचन्द्र शर्मा

शाखा अधिकृत

**बोधार्थ**

श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
(योजना तथा बजेट शाखा)
सिंहदरबार, काठमाडौं

श्री स्थानीय तह (सबै) : विवरण उपलब्ध गराइ सहयोग गरी दिनु हुन अनुरोध छ ।

श्री नेपाल शिक्षा समुहका सदस्य (गैरसरकारी)
संस्थाहरु :- आ-आफ्नो कार्यक्षेत्र अन्तर्गतका जिल्लामा उक्त विवरण संकलन तथा सम्प्रेषण गर्ने कार्यमा शिक्षा विकास तथा समन्वय इकाइहरुलाई सहयोग गरी दिनु हुन अनुरोध छ ।